annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११३ पृष्ठ ८ | काठमाडौं, बुधबार ५ भदौ २०८१ | भाद्र कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४४ | WEDNESDAY, AUGUST 21, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# विश्व घेर्दै अर्को महामारी मंकिपक्स

विश्वव्याधी कोभिड-१९ को महामारीले थलिएको विश्वमा मंकिपक्सको बढ्दो संक्रमण छ। त्यसैकारण विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले स्वास्थ्य संकटकाल (ग्लोबल हेल्थ इमर्जेन्सी) घोषणा गरिसकेको छ। नयाँ भेरियन्टप्रति सचेत हुन आग्रह गरेको छ। तर, हामीले न हिजोका कमजोरीबाट कुनै पाठ सिक्यौं, न त आफैंले व्यवस्था गरेका सीमावर्ती क्वारेन्टाइन, होल्डिङ सेन्टर नै व्यवस्थित गर्न सकेका छौं। उदेकलाग्दो त पर्याप्त जनचेतनासमेत फैलाउन सकिएको छैन।


**दिनेश गौतम** | *काठमाडौं*

**– को रिपोर्ट**


समाचार पृष्ठ २








*स्रोत : विश्व स्वास्थ्य संगठन (डब्लूएचओ), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र द सेन्टर फर डिजिज कन्ट्रोल, अफ्रिका*

### कसरी सर्छ ?

- संक्रमित व्यक्ति वा पशुसँगको सम्पर्कमा आउँदा
- घाउ, खटिरा, बिमिराको सम्पर्कबाट
- शरीरबाट निस्किएको तरल पदार्थ थुक, र्‍याल, रगत, वीर्यको माध्यमबाट
- भाइरसबाट दूषित सतह र सामग्रीको प्रत्यक्ष सम्पर्क
- संक्रमित बाँदर, मुसा, लोखर्केलगायतका जनावरबाट
- भाइरस रहेको लुगा वा ओच्छ्याउनको सम्पर्कबाट

## डुबानबाट यसरी जोगाउँ अमरपथ



**हरिप्रसाद अर्याल**

इजलास

बुटवलको अमरपथ थोक तथा खुद्रा व्यापारको प्रमुख थलो हो। यस क्षेत्रकै महत्वपूर्ण बजार क्षेत्रका रूपमा रहेको अमरपथ पछिल्ला केही वर्षदेखि वर्षातको समयमा डुबानको चपेटामा पर्दै आएको छ। यहाँ लगातार तीन/चार घण्टा वर्षा हुँदा सडकमा पानी जम्छ।

उक्त पानी डाँफे गल्लीबाट पश्चिम हुँदै खोल्सामा जाने हुँदा व्यवसायीहरूले निकै जोखिम मोल्नुपरिरहेको छ। खोल्सामाथिका सबै संरचना हटाइ साबिकको चौडाइसहितको खोल्सी पुन:स्थापित गराउनुपर्छ। खोल्सीको जलाधार क्षेत्र बमघाटदेखि तिनाउ नदीमा पुग्दासम्मको खोल्सी किनारामा सार्वजनिक जग्गामा निर्माण भएका सबै खालका व्यावसायिक, सामाजिक, धार्मिकलगायतका सबै संरचना हटाउनुको विकल्प छैन।

पुल्चोक र हाटबजार क्षेत्रको पानीलाई अमरपथ नआउने गरी बैकल्पिक व्यवस्थापन गराई तिनाउ नदीमा खसाल्ने, इलाका प्रहरी कार्यालय दक्षिणको डाइभर्सनलाई निर्माणको समयमा परिकल्पना गरेअनुसार कार्यान्वयन गर्ने, अमरपथ सडकलाई पुल्चोकबाट हाटबजार हुँदै आउँदा जस्तै: अमरपथको सडक पनि दक्षिणतर्फ होचो गराउँदै कुला र नहरमा जस्तै सरसर पानी बग्न सक्ने गरी निर्माण गर्नुपर्छ।

लेदो माटोसहितको बाढीका कारण बन्द खोल्सीभित्र थुप्रिएको माटोसहितको फोहोर नियमित सरसफाइ गर्ने प्रबन्ध मिलाउन सके अमरपथ डुबानबाट जोगिन सक्छ।

*(अर्याल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हुन्।)*

# मधेसका कारागार सुधारगृह कि यातनागृह



**पर्सा कारागारमा रहेका कैदीबन्दीहरू।** ● पर्सा कारागारको फेसबुक पेजबाट

**मनिका झा** | *जनकपुरधाम*

एक जना व्यक्तिलाई सामान्यतया उठबस गर्न वा सजिलै गरी सुत्न कम्तीमा पनि पाँच फिट जमिन आवश्यक हुन्छ। तर, महोत्तरीको जलेश्वर कारागारमा रहेका कैदीबन्दीलाई सुत्न प्रतिजना डेढ हात अर्थात् केवल १७ इन्च मात्रै जमिन उपलब्ध हुन्छ। अर्थात्, एकजना सुत्यो भने अर्कोले सुत्नका लागि पालो कुर्नुपर्ने हुन्छ। सुत्ने ठाउँको अभावमा कैदीबन्दीहरू आलोपालो गरी रात बिताउँछन्

१ सय ६८ वर्ष पुरानो जलेश्वर कारागारमा हाल क्षमताभन्दा दुई गुणा बढी कैदीबन्दी सजाय काटिरहेका छन्। वर्षायाममा बढी पानी पर्‍यो भने डुबानमा पर्ने, गर्मीका बेला अत्याधिक गर्मीले पोलेर हैरान पार्ने र चिसोका बेला जेनतेन कठ्यांग्रिएर बस्नुपर्ने बाध्यताकाबीच यस कारागारका कैदीहरूले सजाय अवधि बिताइराखेका छन्।

'कैदीबन्दीहरूलाई सुत्न पर्याप्त स्थानको अभाव छ, क्षमताभन्दा बढी कैदीबन्दी रहेको कारण कहिलेकाहीं अक्सिजनको अभावले कैदीबन्दीहरू निसासिने अवस्थामा समेत पुग्छन्,' जेलर रामचन्द्र साह भन्छन्, 'अहिले त कारागारको जीर्ण अवस्थालाई हेर्दै हामीले महिला र बालबालिकालाई यहाँ राख्न छाडेका छौं। अहिले यहाँ पुरुष कैदीहरू मात्रै छन्। आफूले सक्दो कारागारको माहौल राम्रो बनाउने प्रयास गरेको छु तर, निकै पुरानो भवन र निकै कम स्रोत साधनको बिचमा सबै व्यवस्थापन गर्नुपर्ने बाध्यता छ।' २ सय कैदीबन्दीको क्षमता रहेको जलेश्वर कारागारमा हाल ४ सय ५० जनाले सजाय भोगिरहेका छन्। ६.५ बिघा क्षेत्रफलमा फैलिएको यस कारागारमा एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहे तापनि हाल कार्यरत छैनन्। हाल नेपाल हेल्थ सोसाइटीबाट एक जना स्वास्थ्यकर्मी कैदीहरूका लागि खटिएका छन्। कैदीबन्दीहरूका लागि नत छुट्टै जाँच तथा उपचार कक्षको व्यवस्था छ नत उनीहरूका लागि स्वस्थ्यकर वातावरण नै छ। तर, कैदीबन्दीहरूलाई औषधि नियमित उपलब्ध गराइने गरिएको समितिको प्रतिवेदनमा उल्लेख छ।

जीर्ण कारागार, क्षमताभन्दा बढी संख्यामा कैदीबन्दी र आवश्यक पूर्वाधारहरूको समेत उपलब्धता नहुँदा मधेसका कारागारहरू सुधारगृह कम र यातनागृह बढी बन्न पुगेका छन्।


» बाँकी पृष्ठ ६


# २ महिना स्थगनपछि कोशी संसद् बस्दै



**किशोर बुढाथोकी** | *विराटनगर*

कोशी प्रदेशमा लामो समयदेखि स्थगित गरिएको प्रदेशसभा बैठक दुई सातापछिका लागि बोलाइएको छ। प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले मंगलबार सूचना जारी गरेर भदौ १८ गते दिउँसो १ बजेलाई संसद् बैठक आहान गरिएको जानकारी दिएका छन्। बजेट पारित गरेपछि गत असार ८ गतेबाट बैठक स्थगित गरिएको थियो। सबैतिरबाट दबाब बढेपछि सभामुख अम्बरबहादुर विष्ट संसद् बैठक बोलाउन बाध्य भएका हुन्।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीमाथि संसद्लाई बन्धक बनाएको आरोप लाग्दै आएको थियो। बैठक बोलाउन प्रतिपक्षीसहित सत्तारूढ दलका सांसदले दबाब दिएका थिए। प्रदेशसभाको पाँचौं अधिवेशनको तेह्रौं बैठक बसेर स्थगित संसद्का चौधौं बैठक बोलाउन लामै समय लाग्यो।

तर, मुख्यमन्त्रीलाई अनुकूल हुने गरी दुई सातापछिको समय राखेर सभामुख विष्टले बैठक बोलाएका छन्। नेपाली कांग्रेस संसदीय दलका नेतासँगको सल्लाहमा मुख्यमन्त्री कार्कीले जनताको आवाज उठाउने थलो संसद्लाई स्वार्थपूर्ण हिसाबले बन्धक बनाइदिएको आरोप थियो। मुख्यमन्त्रीका कारण संसद् बन्धक बनेपछि प्रतिपक्षीले विरोध गरेका मात्रै थिएनन्, सत्तारुढ दलका सांसदले समेत असन्तुष्टि पोखेका थिए।

दुईतिहाइ बहुमत सरकारको छायामा प्रदेशसभा परेको भन्दै प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)सहित सत्तारुढ नेकपा (एमाले) र कांग्रेसका सांसदले विरोध गरेका थिए। कांग्रेसलाई सरकारमा सहभागी गराउन मन्त्रालय विभाजन गर्ने तयारी मुख्यमन्त्री कार्कीले गरिरहेको बताइन्छ।

कांग्रेससहितको सरकार विस्तारपछि मात्रै संसद् बोलाउन सभामुखलाई दबाब दिएको आरोप कार्कीमाथि छ। अहिले आएर सभामुखले पनि उनैलाई सहज हुने गरी बैठक बोलाइदिएका हुन्।कांग्रेसले कार्की नेतृत्वकै सरकारमा सहभागी हुने निर्णय गरिसकेको छ। तर, आन्तरिक किचलोका कारण भागबन्डा नमिल्दा कांग्रेसले हालसम्म मन्त्रीको टुंगो लगाउन सकेको छैन। सरकार विस्तार नहुँदाको असर संसद्ले झेलिरहेको थियो।

संसद् बस्न नसक्दा प्रदेशसभामा यसअघि दर्ता भएका विधेयकहरू अलपत्र परेका थिए। प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश कृषि व्यवसाय प्रबर्द्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक सरकारले संसद्मा टेबल गरेको थियो।

संसद् बैठक नबस्दा विधेयकमाथिको छलफल अघि बढेको थिएन। लामो समयदेखि संसद् बस्न नसकेर विधेयकहरू अलपत्र पर्दा पनि बैठक बोलाइएको थिएन। मुख्यमन्त्री कार्कीले केही दिनअघि कांग्रेसले आग्रह गरेका कारण संसद् बैठक रोकिएको बताएका थिए।




के तपाईं केही नयाँ र केही फरक उद्यम गर्दै हुनुहुन्छ ?

आउनुहोस्, एकसाथ अगाडि बढौं।

ANNAPURNA MEDIA NETWORK